बैठक संख्याः१३/२०८२/०८३

मितिः २०८३/०२/०५

समयः विहान १०:०० बजे

स्थानः भूमे गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक कक्ष

भूमे गाउँपालिकाका अध्यक्ष श्री **होम प्रकाश श्रेष्ठ**ज्यूको अध्यक्षता र देहायका कार्यपालिका सदस्यहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी पेश भएका प्रस्तावहरु उपर छलफल गरी देहाय बमोजिम निर्णय गरियो ।

<u>उपस्थितिः</u>

| क्र.सं. | दस्तखत | नाम थर | पद | कार्यालय |
|---|---|---|---|---|
| १ | | होम प्रकाश श्रेष्ठ | अध्यक्ष | गाउँ कार्यपालिकाको कार्यालय |
| २ | | सविना बुढा | उपाध्यक्ष | गाउँ कार्यपालिकाको कार्यालय |
| ३ | | मनकाजी पुनमगर | वडा अध्यक्ष | १ नं. वडा कार्यालय |
| ४ | | नारायण पुनमगर | वडा अध्यक्ष | २ नं. वडा कार्यालय |
| ५ | | प्रशुराम बुढा | वडा अध्यक्ष | ३ नं. वडा कार्यालय |
| ६ | | श्याम प्रसाद बुढा | वडा अध्यक्ष | ४ नं. वडा कार्यालय |
| ७ | | टेक प्रसाद बुढा | वडा अध्यक्ष | ५ नं. वडा कार्यालय |
| ८ | | विक्रम पुन मगर | वडा अध्यक्ष | ६ नं. वडा कार्यालय |
| ९ | | संगम रोका | वडा अध्यक्ष | ७ नं. वडा कार्यालय |
| १० | | दिनेश रोका | वडा अध्यक्ष | ८ नं. वडा कार्यालय |
| ११ | | विनोद बुढा | वडा अध्यक्ष | ९ नं. वडा कार्यालय |
| १२ | | सुनकुमारी रोका | कार्यपालिका सदस्य | भूमे गाउँपालिका |
| १३ | | भिमला वि.क. | कार्यपालिका सदस्य | भूमे गाउँपालिका |
| १४ | | फोमली बुढा | कार्यपालिका सदस्य | भूमे गाउँपालिका |
| १५ | | भारती नेपाली | कार्यपालिका सदस्य | भूमे गाउँपालिका |
| १६ | | भागिलाल दमाई | कार्यपालिका सदस्य | भूमे गाउँपालिका |
| १७ | | जीत बहादुर कामी | कार्यपालिका सदस्य | भूमे गाउँपालिका |
| १८ | | देविलाल विक | प्रमुख प्रशासकीय अधिकृत/ सचिव | गाउँ कार्यपालिकाको कार्यालय |

<u>अन्य</u>

| | | | | |
|---|---|---|---|---|
| | | | | |
| | | चेतन बुढा मगर | सि.प्र.अ. | भूमे गाउँपालिका |
| | | | | |

भूमे गाउँपालिका, रुकुम (पूर्व)

बैठक सं. १३/०८२-८३ मिति २०८३।०२।०५ को कार्यपालिका बैठकको प्रस्ताव तथा निर्णयहरुको संक्षिप्त व्यहोरा किताब

प्रस्तावहरु:

| प्रस्ताव नं. | बैठक प्रस्तावहरु | कैफियत |
|---|---|---|
| १. | निर्णय कार्यान्वयन समीक्षा सम्बन्धमा | |
| २. | कार्य प्रगति र सेवा प्रवाह समीक्षा सम्बन्धमा | |
| ३. | कार्यबिधी सम्बन्धमा | |
| ४. | सार्वजनिक विदाको दिनमा सेवा प्रबाह हुने सम्बन्धमा | |
| ५. | नुन ढुवानी को लागि आवश्यक सहयोग सम्वन्धमा | |
| ६. | रकम भुक्तानी गर्ने सम्वन्धमा | |
| ७. | आयोजना संचालन गर्ने सम्बन्धमा | |
| ८. | भुक्तानी गर्ने सम्बन्धमा | |
| ९. | भूक्तानी गर्ने सम्बन्धमा | |
| १०. | राहत सम्बन्धमा | |
| ११. | कोल्ड स्टोर्स हेरालु सम्बन्धमा | |
| १२. | सहयोग सम्बन्धमा | |
| १३. | सहयोग रकम भुक्तानी सम्बन्धमा | |
| १४. | लेखा परिक्षण प्रतिवेदन २०८१।२०८२ सम्बन्धमा । | |
| १५. | यातायात मापदण्ड संशोधन सम्बन्धमा | |
| १६. | आर्थिक सहायता सम्बन्धमा | |

*भूमे गाउँपालिका, रुकुम (पूर्व)*

*बैठक सं. १३/०८२-८३ मिति २०८३।०२।०५ को कार्यपालिका बैठकको प्रस्ताव तथा निर्णयहरुको संक्षिप्त व्यहोरा किताब*

## निर्णय नं. १:

गाउँ कार्यपालिकाको चालु आर्थिक वर्ष २०८२/०८३ को बैंठक संख्या १२ को निर्णय कार्यान्वयनको समीक्षा गर्दा अधिकांश निर्णयहरु निर्णय कार्यान्वयन भएकोमा खुशी व्यक्त गर्दै र आगामी बैठकमा हुने निर्णयहरु समेत शिघ्र रुपमा गर्नुपर्ने निश्कर्ष निकालियो।

## निर्णय नं. २:

गाउँ कार्यपालिकाको कार्यालय अन्तर्गतका विषयगत शाखा / इकाई / वडा कार्यालय र स्वास्थ्य संस्थाहरुले अघिल्लो महिनामा सम्पादन गरेका कार्यहरुको समिक्षा गर्दा कार्यप्रगति र सेवा प्रवाहको अवस्था सन्तोषजनक नै रहेको पाइयो ।

## निर्णय नं. ३:

भूमे गाउँपालिका वडा नं. ८ मा रहेको श्री नेपाल राष्ट्रिय आ.बि को अक्षयकोष कार्यबिधि, २०८३ तथा भूमे गाउँपालिका सामुदायिक विद्यालय अक्षकोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८३ लाई सर्वसम्तीमा स्वीकृत गरियो।

## निर्णय नं. ४:

मिती २०८२ चैत महिनाको ९ गते रुकुम पूर्व सरकारी कार्यालयका प्रमुखहरुको मासिक बैठक को निर्णय नं. १० अनुसार मिति २०८२।११।१८ गते नेपाल राजपत्र भाग ५ मा प्रकाशित सूचना तथा सार्वजनिक शेवा प्रवाह सम्वन्धी बिशेष व्यबस्था भए बमोजिम मिति २०८३ बैशाख १ गते देखि मिति २०८३ चैत्र मसान्त सम्ममा तपसिल बमोजिमका सार्वजनिक विदाका दिनमा समेत यस भूमे गाउँपालिकाबाट प्रवाह हुने सार्वजनिक सेवाहरु: सिफारिसहरु, स्वास्थ सेवाहरु, लेखा सम्वन्धी सेवाहरु र बिभिन्न निकाय तथा शिक्षण संस्थाबाट संस्थाबाट संचालन हुने परिक्षा सम्वन्धी कार्य हुने बेहोरा सवैमा जानकारीको लागि यो सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

| क्र.सं. | दिन | पर्व/ विदा |
|---|---|---|
| १ | मिति २०८३ बैसाख १८ | बुद्ध जयन्ती, चण्डी पूर्णिमा (बैसाख पूर्णिमा), उभौली पर्व |
| २ | मिति २०८३ जेष्ठ १५ | गणतन्त्र दिवस |
| ३ | मिति २०८३ भदौ १२ | रक्षा बन्धन |
| ४ | मिति २०८३ भदौ १९ | श्री कृष्ण जन्माष्टमी |
| ५ | मिति २०८३ पुस ९ | धान्य पुर्णिमा-उधौली पर्व/ योमरी पुन्ही (ज्यापु दिवस) |
| ६ | मिति २०८३ पुस १० | क्रिसमस डे (भूमे गाउँपालिक भित्रका सामुदायिक तथा संस्थागत बिध्यालय बन्द रहने) |

| | | |
|---|---|---|
| ७ | मिति २०८३ पुस १५ | तमु ल्होछार |
| ८ | मिति २०८३ पुस २७ | पृथ्वी जयन्ती/राष्ट्रिय एकता दिवस |
| ०९ | मिति २०८३ माघ २१ | प्रदेश स्थापना दिवस |
| १० | मिति २०८३ फागुन ७ | राष्ट्रिय प्रजातन्त्र दिवस |
| ११ | मिति २०८३ फागुन २४ | अन्तराष्ट्रिय महिला दिवस |
| १२ | मिति २०८३ फागुन २५ | ग्याल्पो लोसार |
| १३ | इस्लाम धर्मालम्वीहरुको पर्व इद (ईद उल फित्र) र वकर इद ( इद उल अजहा) लगायत अन्य सार्वजनिक बिदाहरु गृह मन्त्रालयको निर्णयानुसार दिने । | |

## निर्णय नं. ५:

भूमे गाउँपालिका वडा नं. २ मा संचालित मारिङ सहकारी संस्थालाई सहुलियतमा नुन ढुवानी उपलब्ध गराउन रु २५,०००।– उपलब्ध गराउने निर्णय गरियो ।

## निर्णय नं. ६:

भूमे गाउँपालिको आ.ब. २०८२/२०८३ को स्वीकृत बार्षिक बजेट तथा कार्यक्रम बमोजिम १थान २०० सि.सि. को अफरोड मोटरसाईकल खरिद भएअनुसार श्री टाईटस एम्पोरियम प्रा.लि. घोराही-१५ दाङलाई लाई गाउँपालिकाको प्रशासनिक भवन शीर्षकबाट रु ४,९३,९००।– भुक्तानी गर्ने निर्णय सर्वसम्मतीमा गरियो ।

## निर्णय नं. ७:

श्री राष्ट्रिय अनुशन्धान जिल्ला कार्यालयको मिति २०८३।०१।३१ चलानी नंम्बर ९० को पत्रानुसार को लागत अनुमान भएको राष्ट्रिय अनुशन्धान जिल्ला कार्यालयमा रु ६७,३६९।– लागत अनुमान भएको CIB BUILDING OFFICE FLOOR & PARTION WORK आयोजना संचालन गर्ने निर्णय गरियो ।

## निर्णय नं. ८:

भूमे गाउँपालिकाको आ.ब. २०८२।८३ को स्वीकृत बार्षिक कार्यक्रम अन्तर्गत जनजागृत माध्यामिक विद्यालय नयाँ भवनमा माटो खन्ने कामको रकम श्री जलाकी कन्सट्रक्सनलाई भुक्तानी गर्न बाँकी रकम रु ५४,७२९.६०।- भूमे गाउँपालिकाको प्रशासनिक भवन शीर्षकबाट भुक्तानी गर्ने निर्णय सर्वसम्मतीमा गरियो।

निर्णय प्रमाणित गर्दछु।
हस्ताक्षर:
मिति:
पद:

भूमे गाउँपालिका, रुकुम (पूर्व)

बैठक सं. १३/०८२-८३ मिति २०८३।०२।०५ को कार्यपालिका बैठकको प्रस्ताव तथा निर्णयहरुको संक्षिप्त व्यहोरा किताब

**निर्णय नं. ९:**

भूमे गाउँपालिका कार्यालयलयको आ.ब. २०८२/२०८३ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार सेराबाङ सछौना डालिबाङ सडक स्तरउन्नती कार्य संचालन तथा भूमे गाउँपालिका वडा नं. ५ को निर्माणाधिन वडा कार्यालयको परिसरमा रहेको नेपाल बिधुत प्राधिकरणको ट्रान्सफर्मरलाई अर्को स्थानमा स्थानान्तरण गर्दा लाग्ने खर्च रु.१,६९,३८९.७३ भूमे गाउँपालिकाको प्रशासनिक भवनबाट शीर्षकबाट खर्च लेख्ने गरी कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०:**

मिति २०८३।१।१२ गते राती समयमा परेको असिना सहितको अविरल बर्षाको कारणले भूमे गाउँपालिका अन्तर्गतका बिभिन्न वडाहरुमा बिपदजनय घटनाबाट प्रभावित तपसिल बिबरण ब्यक्तिहरुलाई भूमे बिपद ब्यबस्थापन कोड संचालन तथा ब्यबस्थापन निर्देशिका, २०७४ अनुसार भूमे गाउँपालिकाको आकश्मिकको खाता कोषबाट रकम तथा क्षतीको प्राबिधिक मूल्याङ्कन अनुसारको ग्याबिन जाली उपलब्ध गराउने निर्णय तथा गरियो ।

तपसिल

| क्रं.सं. | लाभग्राहीको नामथर | ठेगना | अनुमानित क्षती | राहत रकम/सामान |
|---|---|---|---|---|
| १ | जनज्योती आधारभुत बिध्यालय | भूमे-७ | | ५६ घनमिटर ग्याबिन जाली |
| २ | संजित गुरुङ | भूमे-२ | | ५ घनमिटर ग्याबिन जाली |
| ३ | सर्वजित रोका | भूमे-२ | | ५ घनमिटर ग्याबिन जाली |
| ४ | पृथिमान रोका | भूमे-३ | | ५ घनमिटर ग्याबिन जाली |
| ५ | बल कुमारी पुन | भूमे-२ | | ५ घनमिटर ग्याबिन जाली |
| ६ | हिरो पुन मगर | भूमे-२ | | ५ घनमिटर ग्याबिन जाली |
| ७ | जुतीमाया नेपाली | भूमे-२ | | ५ घनमिटर ग्याबिन जाली |
| ८ | मुलमान पुन | भूमे-२ | | ५ घनमिटर ग्याबिन जाली |
| ९ | दिपक पुन मगर | भूमे-२ | | ५ घनमिटर ग्याबिन जाली |
| १० | दमाई पुन मगर | भूमे-२ | | ५ घनमिटर ग्याबिन जाली |
| ११ | जोखने पुन | भूमे-२ | | ५ घनमिटर ग्याबिन जाली |
| १३ | अमन बुढा | भूमे ६ | | १५ घनमिटर ग्याविन जाली दिने र भूमे गाउँपालिको ब्याकु लोडरले फाउन्डेशन खन्ने काम गर्ने, |
| १४ | काले बुढामगर | भूमे-६ | | |
| १४ | जुन प्रसाद बुढा | भूमे ६ | | |
| १५ | सम्भु के.सी. | भूमे-६ | १०७४०० | रु. १०,५०० |
| १ | श्री मारिङ बहुउदेश्यीय सहकारी सँस्था लि. | भूमे-२ | | ६० घन मिटर ग्याबिन जाली |
| १३ | कृण बहादुर रोका | भूमे-८ | | ५ घनमिटर ग्याबिन जाली |

निर्णय प्रमाणित गरिन्छ।
हस्ताक्षर:
मिति: २०८३।०२।०५

## भूमे गाउँपालिका, रुकुम (पूर्व)

**बैठक सं. १३/०८२-८३ मिति २०८३।०२।०५ को कार्यपालिको बैठकको प्रस्ताव तथा निर्णयहरुको संक्षिप्त व्यहोरा किताब**

### निर्णय नं. ११:

भूमे गाउँपालिका वडा नं. ३ मा निर्माण सम्पन्न भएको कोल्ड स्टोर्स तत्काल संचालनमा ल्याउनको लागि १ जना जनशक्तिको व्यबस्था गरि आवश्यक रेखदेख, हेरचाह र सुरक्षाको जिम्मा दिने निर्णय गरियो।

### निर्णय नं. १२:

भूमे गाउँपालिका वडा नं. ३ बस्ने श्री कर्मधन थापाको आर्थिक अवस्था कमजोर भएको भएको र निज बस्ने घर समेत नभएको हुदाँ निजले घर निर्माण सम्पन्न गरे पश्चात भूमे गाउँपालिकाको आ.ब. २०८२।२०८३ को स्वीकृत कार्यक्रम सुरक्षित आवास कार्यक्रम निरन्तरता शीर्षकवाट रु ५०,००० सिमाभित्र सहि जस्तापात खरिदको रकम उपलब्ध गराउने निर्णय गरियो ।

### निर्णय नं. १३:

भूमे गाउँपालिका वडा नं. ३ निवासी श्री शक्ति रोका मन्जुश्री ट्राईल रेसमा भाग लागेको खर्च बिल भर्पाई अनुसारको रु.४६,१९० मध्ये रु२५,०००।– धावकलाई भूमे गाउँपालिकाको आन्तरिक श्रोतबाट भूक्तानी हुने गरी भुक्तानी गर्ने निर्णय गरियो ।

### निर्णय नं. १४:

भूमे गाउँपालिकाको आर्थिक बर्ष २०८१।२०८२ को लेखापरिक्षण सम्पन्न गरी राय सहितको अन्तिम प्रतिवेदन २०८३ जारी भएकोमा लेखापरिक्षन प्रतिवेदन मा उल्लेख गरिएका बेहोरा समयमा नै कार्यान्वयन गरि वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर गाउँपालिकाबाट हुने विकास निर्माण, समग्र कार्यसम्पादन र सेवा प्रबाहलाई प्रभावकारी बनाउने निर्णय गरियो ।

### निर्णय नं. १५:

भूमे गाउँपालिकाको यातायात खर्च मापडण्ड २०७९ लाई समसामयिक संशोधनको लागि तपसिल बमोजिमको समिति गठन गरी शिघ्र प्रतिवेन तयार गरी आगामी कार्यपालिका बैठकमा पेश गर्ने निर्णय गरियो ।

तपसिल,

१. बिक्रम पुन मगरः संयोजक

२. चन्द्र प्रकाश ओली- सदस्य (प्राबिधिक अधिकृत)

३. प्रतिनिधी- ट्राफिक प्रहरी (ई.प्र.का. काँक्री.)

४. प्रतिनिधी- यातायात ब्यबसायी

५. चेतन बुढामगर- सदस्य सचिव सहायक प्रशासकीय अधिकृत

निर्णय प्रमाणित गर्दछु।
हस्ताक्षर
मिति २०८३।०२।०५
पद

### निर्णय नं. १६:

भूमे गाउँपालिका, रुकुम (पूर्व)

बैठक सं. १३/०८२-८३ मिति २०८३।०२।०५ को कार्यपालिका बैठकको प्रस्ताव तथा निर्णयहरुको संक्षिप्त व्यहोरा किताब

## निर्णय नं. १६:

भूमे गाउँपालिकाको वडा नं. ५ स्थाई ठेगाना भएको श्री टेक प्रसाद बुढा र भूमे गाउँपालिका वडा नं. ८ निवासी श्री जोख बहादुर रोका दुर्घटनामा परी असामयिक निधन भएको र निजहरुको आर्थिक अवस्था कमजोर भएको हुदा मृतकको परिवारलाई १५ हजारको दरले सहयोग रकम उपलब्ध गराउने निर्णय गरियो ।

### निर्णयमा फरक मतको अभिलेख

| प्रस्ताव नं. | | फरक मत राख्ने सदस्यको नाम र पद | फरक मतको बेहोरा | कैफियत |
|---|---|---|---|---|
| ———— | ———— | फरक मत | नरहेको | |

निर्णय प्रमाणित गर्दछु । हस्ताक्षर: मिति: २०८३।०२।०५ पद: